# शिवसताक्षी नगरपालिका

## स्थानीय राजपत्र

**भाग २ खण्ड ६ संख्या १ जेष्ठ २०८१**

### घ वर्गको निर्माण व्यवसायी इजाजत पत्र सम्बन्धी कार्यविधि, २०७५
### तेस्रो संसोधन, २०८१

कार्यपालिकाबाट स्वीकृत मिति २०८१/०१/३१
प्रमाणिकरण मितिः २०८१/०२/०१
राजपत्रमा प्रकाशित मितिः २०८१/०२/०१

**प्रस्तावना:**

शिवसताक्षी नगरपालिकाको घ वर्गको निर्माण व्यवसायी इजाजत पत्र सम्बन्धी कार्यविधि, २०७५ लाई समय साषेक्ष बनाउन वाञ्छनीय भएकोले शिवसताक्षी नगरपालिका नगरकार्यपालिकाले देहाय बमोजिम सम्सोधन गरेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यो कार्यविधिको नाम "घ वर्गको निर्माण व्यवसायी इजाजत पत्र सम्बन्धी कार्यविधि, २०७५ तेस्रो संसोधन २०८१" रहेकोछ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. कार्यविधिको दफा ३ को उपदफा (४) पछि देहाएको उपदफा (५) थप गरिएको छ ।

(५) दफा ३ को उपदफा ४ बमोजिमको २१ महिनाभित्र समेत नविकरण नभएमा थप १५ महिना भित्र नविकरण गर्न आएमा अनुसुचि २ बमोजिमको थप दस्तुर लिइ नविकरण गर्ने।

३ अनुसचि २ संसोधन गरिएको छ।

**अनुसुची २**

**दफा २ को उपदफा (१) र दफा ३ को उपदफा (३) (४) र (५) सँग सम्बन्धीत**

| क्र सं | निर्माण व्यवसायी को वर्ग | इजाजतपत्र दस्तुर | इजाजतपत्र नवीकरण दस्तुर नियमित | इजाजतपत्र नवीकरण थप दस्तुर | | | इजाजत प्रमाणपत्र प्रतिलिपि दस्तुर |
|---|---|---|---|---|---|---|---|
| व्याख्या | घ | नया इजाजत पत्र | आ व समाप्त भएको ३ महिनाभित्र | **<u>प्रथम</u>** आ व समाप्त भएको ३ महिना पछिको ६ महिना सम्म नियमिति दस्तुर समेतमा थप गरी थप दस्तु | **<u>दोस्रो</u>** आ व समाप्त भएको ९ महिना देखी १२ महिना सम्म नियमिति दस्तुर र प्रथम अवधीको दस्तुर समेत गरी थप दस्तुर | <u>तेस्रो</u> दोस्रो अवधी समाप्त भएको १५ महिना सम्म नियमिति दस्तुर, प्रथम र दोस्रो अवधीको दस्तुर समेत गरी थप दस्तुर | |
| रकम | | रु २५०० | रु २००० | रु ३००० | रु ३००० | रु ७००० | रु ५०० |

**आज्ञाले**
**अमृत बहादुर राई**
**प्रमुख प्रशासकीय अधिकृत**